# बरालिएको मन र हाम्रा हिटलरहरू...

आभास

घुम्नुमा जो मजा छ । त्यो अद्भूत छ । नौला दृश्यसित सम्बन्ध स्थापना गर्नु कुनै नौली प्रेमीका भेट्नु जत्तिकै रोमाञ्चक । चाहे वन्दीपुर पुगौं वा धनकुटा, लाहान पुगौं वा हेटौंडा । मन कम रोमाञ्चित हुन्न । गत वैशाखमा नेपालका सम्पूर्ण जनताले एकसाथ मिलेर एउटा सिम्फोनीको रचना गरे । मनहरु कम रोमाञ्चक भएका थिएनन् त्यसबखत । वैशाख सिम्फोनीको त्यो झंकार अझै झन्की रहेकै छ । त्यही झंकार बोकेर यात्रामा निस्केको । पुस छ । छु लाहानमा । छ हुस्सु नै हुस्सु । तराई समेत छ चिसै । खेतमा घुर धुवाँउदै छन् । सडकमा टायर । राष्ट्रिय अभिव्यक्तिहरु प्रसारित भइ नै रहेका छन्- नेपाल नौलो युगमा प्रवेश गर्छ रे ! प्रमुख खबरमा चाहिँ छ सद्दामलाई फाँसी ! इराक अब नयाँ युगमा प्रवेश भयो रे ! घोषणा गर्दिर्ने चाहिँ छन् अम्रिकी बुस ! रोमाञ्चक यात्रामा रोडा बनेका छन् यस्तै के के कुरा । मन किन यस्तो नरमाइलो ? सद्दामसित प्रेम त थिएन । तर फाँसी ! शब्द नै अप्रिय । दिल खुस छैन । खुस हुँदा हुन् उनै बुस ।

उफ् । बरालिएका मनले बेतुके बुद्धीविलाशका निम्ति प्रसस्त विषय भेट्ने बेला छ । संसारभर नै । हाम्रैमा नयाँ युग सुरु हुने कुरा जुन छ । कुरा के, छ भनुँ ? अन्योल छ । मस्तिष्कमा दुम्सी छिरे झैं अवस्था । बुद्धि भएकै मस्तिष्क पो छन् त ! दुखी इतिहास उत्खनन गर्नमा व्यस्त । उत्खनन छ प्रतिशोध मुखी । प्रतिशोध गन्ध्रे हुन्छ । गन्हाए झैं छ हो, यो मौसम यो बेला । सुनिन्छ- नश्लशुद्धता र रक्तशुद्धताले मात्र स्वःपहिचान जोगिन्छ रे ! कस्तो तानाशाही कुरा ? हिटलर त्यस्तै शुद्धताको पक्षमा  थियो सायद । उसको कुचिन्तनले यहुदिलाई पिरल्यो । यहुदीलाई मात्र के ? विश्वलाई नै पिरल्यो । हिटलर अब छैन । छ  त  उसको बदनामी छ । तर हिटलरीय चिन्तन अझै बाँचेकै रहेछ त । नत्र शुद्धताको चक्कर किन ? ताप्लेजुङकी फूलमती वासिङटनको डेभिडसित जमेको बखत जो छ । कृष्णमान जर्मनीकी क्रिष्टिनासित कम्लिएको बेला जो छ । यत्रो चल्छ अब नश्ल शुद्धताको अभियान ! यस्तै नचल्ने अभियान नै हुन् विग्रहका इन्धन । त्यसैले त गर्ने रै'छ मानवतामाथि प्रहार ।

सोच्छु । आफ्नै विषयबाट । सी मेजर कर्डमा ई नोटलाई हटाउने अभियान चलाउन सकिएला । तर त्यो बेतुके हुनेछ । त्यहाँ त सी मेजरको नाम, भनौं या नश्ल । त्यो नै परिवर्तन पो हुनेछ त ! र नयाँ कर्ड पो सिर्जना हुनेछ त । नयाँ जो बन्छ त्यसको नश्ल मिश्रित हुनेछ । शुद्ध हुने छैन । त्यही मिश्रण नै हो अब उपरान्तको भविष्य । समयले गर्ने यो मिश्रणले कुन पक्षको अंशलाई बढी अंगाल्छ ? त्यसमा पिरोलिनुको कुनै अर्थ छैन । तर पिरोलिनेहरुको खाँचो नहुँदो रहेछ । यो जो लेखिँदै छ, त्यो पनि पिरालो नै त हो ।

एउटा होटल, जहाँ बसिएको छ । होटलवाला भन्छन्- सार्वजनिक ठाउँमा बसेर मधिशे र पहाडेको कुरा ननिकाल्नुस् है, बेमतलबको झमेलामा परिन्छ । उनले भनेको सम्झँदै रिक्सा चढ्यो । मनमा त डर पो पसे झैं छ । जर्मनीको म्युनिख शहर घुम्दा यस्तै भएथ्यो । अभिभावक जस्तै रेनाटेले भनिथिन्- कपाल खौरेका मुडुलेहरु छेउमा देखिए भने जोगिनु है, एसियनलाई तिनले देख्नै सक्दैनन् । त्यसो गर्ने हुँदा रै'छन् हिटलर प्रेमीहरु । होइन हौ, अबको हाम्रो आदर्श पुरुष हिटलर हो कि के ? नत्र किन त्यस्तै खाले क्रुर चिन्तनको रोपाईं ? सङ्गीत-फ्युजनको प्रारम्भभन्दा सुदूरपूर्वदेखि नै फ्युजनमय नेपाली समाज । जुन हाम्रो सामुमा छ । नश्ल या जातको  आधारमा टुक्रा पार्ने ? आफूलाई अन्तराष्ट्रिय जाति ठान्ने मार्क्स र माओका अनुयायी समेत सक्रिय र मौन समर्थनमा जुटे झैं छन् । नश्ल शुद्धतामा । उदेक लाग्दो कनफ्युजन । भन्छु- रिक्साको गति मन्द गर भाइ । सिरेटोको झोक्का मुटु काम्ने खाले ।

देख्छु । परिचित केशब मण्डलजस्तै युवक । छिर्छ साइबरतिर । त्यतै छिर्छु । सोच्छु । यो काले केशबजस्तोलाई वेलायति गोरीसितको च्याटप्रेमले यता लस्काएको पनि त हुनसक्छ । साइबर संसारमा गोरी, काली, अमेरिकी, एसियाली, धेरैको प्रिती-कथा जोडिनु सामान्य बन्दो छ । भोलि बढ्दै जाला । सिद्धान्तले रोक्छ ?  या रोक्नु पर्छ ? यसलाई पनि विषयगत बनाएर सोच्न मन लाग्छ । नेपाली गीत पहिला मोनोफोनी थियो । अहिले

पोलीफोनी पनि छ । पोलीफोनी पश्चिमबाटै आयो । हाम्रोमा दुबै खाले छन् र त विविधता छ नि । दुबैको मिश्रणबाट नयाँ नश्लका संगीत पनि निक्लेकै छन् । समाजलाई सही ढंगले समायोजन गर्ने तरिका पनि त हुँदो हो । संगीत संयोजनमा जस्तो । एउटै सिर्जनामा विविध कर्डस् । इ यस्तो छ हालत ! राज्य चलाउनेले सोच्ने कुरा निरीह कलाकारले सोच्नु पर्ने । यही त हो बेमेल । एउटा संगीतकर्मीले देशको बारेमा सोच्दा चाहिँ संगीतकै भाषामा सोच्दो रै'छ । देश सिम्फोनी भैँ त हो । अनेक स्वरहरु गुञ्जित सिम्फोनी । सिम्फोनीमा रहेका स्वरहरुको एकल अस्तित्व सिम्फोनीमै समाहित छ र त सिम्फोनी छ । स्वरहरुले आफ्नो अस्तित्वलाई सिम्फोनीभन्दा बाहिर खोज्दा कतै यस्तो नहोस्, सिम्फोनी गायब । आफू त सबै स्वर मिसेसिएको सिम्फोनी रुचाउने मनुवा ।

केशबजस्तोको कालेका बारेमा सोचेको कुरा हो जस्तो । तराई शैलीको अँग्रेजीमा, जसलाई तराईको तँग्रेजी भन्दा ठीक होला । प्रेमवार्ता गर्दै छ । छेउमै रहेको उतिर आँखा पर्छन् । लजाउन खोज्छ । गोरीलाई नेपाल आउँदा लाहान भिजिटको रुट बताउँदै छ । भन्छ- 'यु सुट कम माइ पिलेस । आइ होप माइ फेमिली वील एसेप्ट यु ।' रक्तशुद्धतावादी र नश्लवादीलाई यसरी छड्के हान्दै छ, साइबर युवक । त्यो गोरी यो कालेसित गम्भीर भएकी भए, कस्ले रोक्ने ? आफू त प्रेमवादी । कालेतिर हेरेर मुस्काइ दिन्छु । उसका दाँत पानले विग्रेका रै'नछन् । वेभ क्यामेराबाट गोरीले पनि उस्को मुस्कान पक्कै निहारेकी हुनुपर्छ । कम्प्युरटरमाथिको क्यामेराबाट फैलेको नीलो प्रकाशले मुहार नीलाम्य छ कालेको । छेउको अर्को कम्प्युटरमा भुम्मिएका किशोरहरु भने नीलै वेभमा तल्लिन भैँ छन् । सायद । एउटा भन्दैछ- 'हल्ला नगरिहाल् । चुपचाप देखले न ।'

आफू त अघिदेखि नै छु चुपचाप । सामुन्नको कम्प्युरमा क्यामेराबाट डाउनलोड तस्वीर । वन्दीपुरदेखि लाहानसम्मका । वन्दीपूरको थानीदेवी मन्दीर छेउबाट खिचेको सूर्योदय । आहा ! यो घाम कहिले चम्क्यो होला पहिलोपल्ट ? थानीदेवीको पहाड कस्तो हुँदो हो उसबखत ? यो ढुंगे ढिस्को कति तातो हुँदो हो उतिबेला ? पृथ्वी बलेको अवस्थामा थियो रे कुनै बेला । सम्भेको डार्विनको व्याख्या । छि ! यो मन बहकिन कति थोरै विषय नै काफी ? सूर्य उहिलेदेखि थियो र आगो पनि । युगौंदेखि हामी तिनकै प्रयोगमा त छौं । टाढाको सूर्यदेखि नजिकको आगोसम्मलाई निजी भैँ पो सम्भेका छौं त । सन्दर्भमा नूतनको सम्भना । भन्थ्यो- 'सूर्जेको बिम्व जो छ । यसले वंशको प्रतिनिधित्व गर्छ । त्यसैले यो बिम्व स्वीकार्य छैन ।' भस्कँन्छु । घाम र उसका बिम्व अङ्कित कविता । टायर भैँ जल्ने बेलाको आगमन हो कि कसो ?

सिमसारमा परेपछि
घाम पनि पौडे भैँ देखिन्छ
टलपल टलपल

एउटा सिमसार
दुईटा सिमसार
अनेकौं सिमसार
तर एउटै घाम

घामलाई
कुनै एउटा सिमसारले
निजी बनाउन सक्दैन

घाम हो
अनन्त सत्य

घामको धर्म भुल्किने हो । भुल्किदियो । मेरो आङ्मा । कैयौंका आङ्गमा । शदियौंदेखि । मेरो मात्र त होइन नि ऊ ! एउटी थिई सुन्दरी । यसै धर्तिकी । जसलाई आफ्नै मात्र भनेथैँ । भ्रम रहेछ । अहिले कहाँ छे कुन्नी ? होली कतै, यही धर्तिमै । घाम त अनन्त टाढाको । र त देखिन्छ लाहानबाट र लण्डनबाट पनि । कहिले, कस्ले

आफ्नोमात्र बिम्व भनिदियो उसलाई । त्यही व्याख्यामा किन अल्झूँ र साँघुरिउँ ? नौला व्याख्या पनि त भएकै छन् । धेरै कुराका । भन्ने मन थियो । व्याख्या गर्न हो नूतन ! उसको नि होइन । मेरो नि होइन । हाम्रो भनेर । तर्कमाभन्दा आगोमा जो शक्ती बल्केको मौसम छ । आफ्नो मनिटरमा टायर जनलको तस्वीर । केशब मण्डलजस्तो छिमेकी अझै छ च्याटिँदै । उही गोरीसित । साइबरवाला गीतप्रेमी र'छ । बजाउँदै छ- गोरी तेरा गाँव बडा प्यारा । गोरीको गाउँ कस्तो छ कुन्नी । हाम्रा गाउँ भने प्यारो नभइसकेका ।

साइबरभित्रैबाट सुनिन्छ । सडक समाचार । छेउमै खै कस्मा, कस्को गोलि प्रहार । आफूसित भने बुद्धीविलाशमै उम्लिएको मस्तिष्क । ओ ! रिक्सा ? फेरि उही होटल । जहाँ बसिएको छ त्यतै । जिकज्याक । जिकज्याक । खल्याङ । खुल्टुङ । भोलिबाट २००७ । न्यु यर्स पार्टी । भ्रमण सकेका ठाउँमा भेटेका भैँ । मिश्रीत मुहार । पूर्वसन्ध्याको ह्वीस्की, रम र वाइन । मादल, हार्मोनियम र गिटार । लोक, आधुनिक र पप । सबथोक मिसमास । कक्टेल । उही बुस, अमेरिका र इराक । विचरा सद्दाम, फाँसी र चिहान । झुत भएर निदाइएछ । उठ्दा रुम पट्नर भन्छ- सपनामा पूर्व नेपाल सुन्दरीलाई देखेँ । भन्दिन्छु- 'तिमी त भाग्यमानी । सपनामै सही । गऱ्यौ रोमान्स । आफ्नो त सपना पनि कस्तो ? चाहेकी सुन्दरी अर्कैसित सल्केकी । सपनाभरि बेफ्वाँकको प्रतिशोध ।' फेरि समाचारमा आँखा । अझै सद्दाम र इराक । अझै फाँसी र बुस । प्रतिक्रियामा भन्दैछ एउटा भारतीय किशोर- 'हम बुसकी अमेरीकाको कभी माफ नही करेंगे ।' यस्तो हुन्छ प्रतिशोध । कुरा सपनाकै सही । प्रतिशोध त मैभित्र पनि त रै'छ । आफूलाई सम्यक्भावमा लान खोज्छु ।

वीर कहलाउन अरुलाई मिच्ने
पुरानो त्यो दर्शन धिक्कारेँ त के भो ?
आफू उठ्छु भनी तिमीलाई ढालिन
गुमनाम यो आभास स्वीकारेँ त के भो ?

गुनगुनाउँदै हेर्छु क्षितिजतर्फ । उही, उस्तै छ अरुणोदय ।